## खाद्यान्न बालीको मूल वा स्रोत बीउ उत्पादन अनुमतिका चाहिने कागजातहरु

(बीउ विजन नियमावली, २०८१ को नियम २१ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

**अ) जनशक्ति सम्बन्धी मापदण्ड**

क. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि विषयमा कम्तिमा स्नातक गरेको प्राविधिक (बाली अवधि भरको लागि आंशिक वा पूर्णकालिन) कम्तिमा १ जना

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा नायव प्राविधिक सहायकको योग्यता पुगेको प्राविधिक (आंशिक वा पूर्णकालिन) कम्तिमा १ जना

**आ) आवश्यक न्यूनतम मेशिनरी तथा पूर्वाधार सम्बन्धी मापदण्ड**

- बीउ प्रशोधन मेशिन (प्रशोधन प्लान्ट रहेको जग्गा निवेदकको आफ्नै वा भाडामा लिएको हो खुलाउने, आफ्नै भए जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा भाडामा लिएको भए कम्तिमा ३ वर्ष सम्म जग्गा उपयोग गर्ने गरी जग्गा धनीसँग लिखित सम्झौता गरेको प्रमाणित प्रति समावेश गर्नुपर्ने)
- सीड ड्रेसिङ्ग ड्रम,
- चिस्यान नाप्ने यन्त्र,
- हाइग्रो मिटर वा सापेक्षिक आर्द्रता मापन यन्त्र,
- थर्मोमिटर वा तापक्रम मापन यन्त्र,
- बोरा सिलाउने मेशिन,
- बोरा (लेबल लगाइएको)/थैला/बिन/हर्मेटिक व्याग आदि
- फ्युमिगेसन सिट,
- गोदाम,
- सिमेन्टेड ग्रेमिङ फ्लोर वा बीउ सुकाउन उपयुक्त अन्य सामग्री
- गोदाममा बीउ बोरा राख्न प्रयोगमा आउने ताप र चिस्यान अवरोधक सामग्री (जस्तै काठको पिर्का आदि)

**इ) अन्य आवश्यक शर्त तथा मापदण्ड**

- संस्थाको कानूनी हैसियत खुल्ने कागजात (दर्ता, करचुक्ता, प्यान वा भ्याट प्रमाणपत्रको प्रतिलिपि)
- बीउ विजन बिक्री वितरण अनुमति पत्रको प्रतिलिपि (नवीकरण समेत)
- आवेदक कृषक समूह वा सहकारी भए संस्थाको निर्णय प्रतिलिपि
- गत वर्ष तथा यस वर्षको बीउ उत्पादन विवरण तथा बीउ उत्पादन कार्ययोजना